# बाल हेल्पलाइन नम्बर १०९८ नेपाल सञ्चालन कार्यविधि, २०७६

(नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको
मिति २०७६/०७/२४ गतेको निर्णयले स्वीकृत)

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
राष्ट्रिय बाल अधिकार परिषद्
श्रीमहल, पुल्चोक, ललितपुर

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सिंहदरबार, काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: ६६१०८२
दर्ता मिति: २०७६।११।२६

# बाल हेल्पलाइन नम्बर १०९८ नेपाल सञ्चालन कार्यविधि, २०७६

प्रस्तावनाः बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्ति गर्ने दायित्व राज्यको भएकोले जोखिममा परेका बालबालिकाको उद्धार, राहत, मनोविमर्श, परामर्श, अल्पकालीन आश्रय तथा संरक्षण, पारिवारिक पुनर्मिलन, सामाजिक तथा संस्थागत पुनर्स्थापना सम्बन्धी बाल संरक्षणका कार्यहरू सम्बन्धित सरोकारवाला निकाय तथा संघ संस्था बीचको समन्वय, सहयोग, सहकार्य र सह-अस्तित्वमा सञ्चालन तथा व्यवस्थापन गर्दागर्दै पनि बालबालिका जोखिममा पर्न सक्ने सम्भावनालाई दृष्टिगत गर्दै जोखिममा परेका बालबालिकाको चौबीसै घण्टा सुरक्षा कवचको रूपमा रही आपत्कालीन आकस्मिक उद्धार तथा संरक्षणका लागि बाल हेल्पलाइन नम्बर १०९८ (दश, नौ, आठ) नेपाल सञ्चालन गर्न वाञ्छनीय भएकोले,

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८६ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले बाल हेल्पलाइन नम्बर १०९८ नेपाल सञ्चालन कार्यविधि, २०७६ स्वीकृत गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "बाल हेल्पलाइन नम्बर १०९८ नेपाल सञ्चालन कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,—

(क) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

सचिव

(ग) "परिषद्" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ बमोजिम रहेको राष्ट्रिय बाल अधिकार परिषद् सम्झनु पर्छ ।

(घ) "जोखिममा परेका बालबालिका" भन्नाले हराएका, बेवारिस अवस्थामा रहेका, अपहरणमा परेका, वेपत्ता भएका तथा पारिएका, बेचविखन तथा ओसार पसारमा परेका, विभिन्न हिंसामा परेका, यौन दुर्व्यवहारमा परेका, जोखिमपूर्ण काम वा व्यवसायमा रहेका, सडकमा बसेका, गम्भीर विरामी वा दुर्घटना तथा प्रकोपमा परेका र अभिभावक नभएका, द्वन्द्व प्रभावित, विस्तापित भएका, हेपाइमा परेका लगायत विशेष संरक्षणको आवश्यकता भएका तर आवश्यक उद्धार तथा संरक्षण व्यवस्थापन हुन नसकेका बालबालिका सम्झनु पर्छ ।

(ङ) "संरक्षक" भन्नाले प्रचलित कानून बमोजिम संरक्षक नियुक्ति गरिएको वा तोकिएको व्यक्ति वा संस्थालाई सम्झनु पर्छ ।

(च) "संघ संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भई बाल हेल्पलाइन सञ्चालनका लागि अनुमति प्राप्त सामाजिक संस्था सम्झनु पर्छ ।

(छ) "सम्बन्धित सरोकारवाला निकाय तथा संघ संस्था" भन्नाले संघ, प्रदेश र स्थानीय तहमा अनुसूची -१ बमोजिम रहेका जिम्मेवार र सहयोगी निकाय तथा संघ संस्थालाई सम्झनु पर्छ ।

(ज) "समन्वय समिति" भन्नाले संघको हकमा दफा ९ बमोजिमको राष्ट्रिय समन्वय समिति र प्रदेशको हकमा दफा ११ बमोजिमको प्रदेश समन्वय समिति सम्झनु पर्छ ।

(झ) "सचिवालय" भन्नाले संघको हकमा राष्ट्रिय समन्वय समितिको सचिवालय र प्रदेशको हकमा प्रदेश समन्वय समितिको सचिवालय सम्झनु पर्छ ।

(ञ) "बाल हेल्पलाइन" भन्नाले जोखिममा परेका बालबालिकाको आपत्कालीन आकस्मिक उद्धार, राहत तथा संरक्षणका लागि निःशुल्क रूपमा सम्पर्क गरी सेवा लिन तथा फोन गर्दा पैसा नलाग्ने बाल हेल्पलाइन नम्बर १०९८ (दश, नौ, आठ) नेपाल सम्झनु पर्छ ।

## परिच्छेद-२

## उद्देश्य, लक्ष्य, सिद्धान्त, लक्षित बालबालिका र प्रवाह गरिने कार्यक्रम, कार्य तथा सेवाहरू

३. **उद्देश्यः** बाल हेल्पलाइन सञ्चालन गर्नुको उद्देश्य जोखिममा परेका बालबालिकाका लागि सम्बन्धित सरोकारवाला निकाय तथा संस्थालाई देहायको आकस्मिक बाल संरक्षण कार्य सम्पादनमा सहयोग पुऱ्याउनु हुनेछः-

(क) जोखिममा परेका बालबालिकाको आपत्कालीन आकस्मिक उद्धार, राहत, मनोविमर्श, उपचार, परामर्श, अल्पकालीन आश्रय तथा संरक्षण, पारिवारिक पुनर्मिलन, सामाजिक तथा संस्थागत पुनर्स्थापना गर्नु,

(ख) कुनैपनि स्थानबाट बालबालिका स्वयम् वा जो कसैले पनि जोखिममा परेका बालबालिकाको बारेमा बाल हेल्पलाइनमा जानकारी गराएमा सम्बन्धित बालबालिकालाई तत्काल उद्धार गरी आवश्यक सेवा प्रदान गर्नु,

(ग) सम्बन्धित सरोकारवाला निकाय तथा संघ संस्थाको सहयोग र समन्वयमा बाल अधिकार विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण, दुर्व्यवहार, यातना जस्ता बाल अधिकार उल्लंघनका घटना रोकथामका लागि बाल अधिकार पर्यवेक्षण तथा अनुगमन गर्नु, सामाजिक सचेतना अभिवृद्धि गर्नु र चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्नु,

(घ) जोखिममा परेका तथा उद्धार गरिएका बालबालिकाको सूचना र जानकारी सङ्कलन गरी अभिलेख दुरूस्त राख्नु,

(ङ) समुदायमा आधारित बाल संरक्षण संयन्त्रसँग समन्वय गरी जोखिममा परेका तथा उद्धार गरिएका बालबालिकाको पारिवारिक पुनर्मिलन तथा सामाजिक वा संस्थागत पुनर्स्थापना गर्नु,

(च) जोखिममा परेका बालबालिकाको हक, हित र सामाजिक न्यायका लागि सम्वन्धित सरकारी निकाय, संस्था र नागरिक समाजका बीच समन्वय र सहयोगको विकास गर्न सहजकर्ताको भूमिका निर्वाह गर्नु,

(छ) बाल संरक्षण तथा बाल अधिकार प्रवर्धन सम्बन्धी काम गर्ने संघ, प्रदेश, जिल्ला र स्थानीयमा रहेका संघ-संस्थाबाट प्राप्त हुने सेवाहरूको सूची तयार गर्नु र उद्धार गरिएका बालबालिकालाई आवश्यक राहत सेवा उपलब्ध गराउनु वा उपलब्ध गराउन सिफारिस गर्नु,

(ज) बालबालिकालाई जोखिममा पुऱ्याउने सम्बन्धित व्यक्ति वा समूहका विरुद्ध कानूनी कारबाहीका लागि समन्वय तथा सहजीकरण गर्नु,

(झ) बाल अधिकारको संरक्षण र सम्वर्धनका लागि उपलब्ध सूचना-जानकारी प्रवाह गर्नु,



सचिव

(ञ) जोखिममा परेका बालबालिकाको बाल हेल्पलाइनमा पहुँच अभिवृद्धि गर्नु।

४. <u>लक्ष्य:</u> जोखिममा परेका बालबालिकाको तत्काल आकस्मिक उद्धार गरी राहत प्रदान गर्दै संरक्षण गर्ने ।

५. <u>सिद्धान्तः</u> देहायका सिद्धान्तमा आधारित भएर बाल हेल्पलाइन सञ्चालन हुनेछः-

(क) आकस्मिक उद्धार र संरक्षण,

(ख) बालबालिकाको सर्वोत्तम हित,

(ग) विभेद रहितता,

(घ) गोपनीयताको हक,

(ङ) बालमैत्री बोली र व्यवहार अभिवृद्धि,

(च) सम्बन्धित सरोकारवाला निकाय, संघ संस्था तथा नीजि क्षेत्रको पारस्परिक समन्वय, सहयोग, सहकार्य र सक्रियतामा अभिवृद्धि,

(छ) बाल अधिकारको अन्तर्राष्ट्रिय मान्यता अनकूलको वातावरण, व्यवहार तथा अभ्यास कार्यान्वयनमा सहयोग,

(ज) बालबालिकाको पारिवारिक पुनर्मिलन, सामाजिक तथा संस्थागत पुनर्स्थापना ।

६. <u>लक्षित बालबालिकाः</u> जोखिममा परेका तथा बाल अधिकार उल्लंघन भएका बालबालिका ।

७. <u>बाल हेल्पलाइनले सञ्चालन गर्ने कार्यक्रम, कार्य तथा सेवाहरूः-</u> जोखिममा परेका बालबालिकाको आपत्कालीन आकस्मिक उद्धार, राहत, मनोविमर्श तथा संरक्षण सहयोग र पारिवारिक पुनर्मिलन तथा पनुर्स्थापनाका लागि बाल हेल्पलाइनले सञ्चालन गर्ने कार्यक्रम, कार्य तथा सेवा देहाय बमोजिम हुनेछन्:-

(क) आकस्मिक उद्धार (चौबीसै घण्टा),

(ख) एम्बुलेन्स सेवा,

(ग) राहत,

(घ) मनोविमर्श,

(ङ) अल्पकालीन आश्रय(कम्तीमा दश जना बालबालिका लागि बढीमा एक महिनासम्म अस्थायी बाल संरक्षण सेवा केन्द्र),

(च) स्वास्थ्य उपचार,

(छ) पारिवारिक परामर्श

(ज) पारिवारिक सहयोग,

(झ) कानूनी परामर्श तथा सहयोग,

नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं



२।।८३।

सचिव

(ञ) पारिवारिक पुनर्मिलन,

(ट) सामाजिक वा संस्थागत पुनर्स्थापना,

(ठ) नियमित अनुगमन, सहजीकरण तथा पृष्ठपोषण,

(ड) नियमित प्रतिवेदन तयार तथा सम्बन्धित निकायमा पेश,

(ढ) बाल अधिकार सचेतना अभिवृद्धि,

(ण) समन्वय, सहयोग, सहकार्य र सहजीकरण ।

८. <u>बाल हेल्पलाइन प्रयोग गर्ने अधिकारः-</u> (१) जोखिममा परेका बालबालिका स्वयम् वा सो अवस्थामा रहेका बालबालिकाको हक हितका लागि बाबु, आमा, परिवारका सदस्य, संरक्षक, माथवर, अभिभावक, शिक्षक वा जो कसैलाई पनि सो सम्बन्धमा सूचना-जानकारी दिन बाल हेल्पलाइन निःशुल्क प्रयोग गर्ने अधिकार हुनेछ ।

(२) बालबालिकाको हक हितको लागि बाहेक कसैले पनि बाल हेल्पलाइन प्रयोग गर्नु गराउनु हुँदैन।

## परिच्छेद –३

## <u>बाल हेल्पलाइन सञ्चालन राष्ट्रिय तथा प्रदेश समन्वय समिति र सचिवालय</u>

९. <u>बाल हेल्पलाइन सञ्चालन राष्ट्रिय समन्वय समितिको गठनः</u> (१) यस कार्यविधि बमोजिम नेपाल राज्यमा बाल हेल्पलाइन सञ्चालन गर्न देहाय बमोजिमको एक बाल हेल्पलाइन सञ्चालन राष्ट्रिय समन्वय समिति रहनेछः-

(क) सचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय –संयोजक

(ख) सह-सचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय (बालबालिका हेर्ने) –सदस्य

(ग) प्रमुख/प्रहरी नायब महानिरीक्षक, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय, प्रहरी प्रधान कार्यालय –सदस्य

(घ) उप-सचिवस्तर प्रतिनिधि, गृह मन्त्रालय –सदस्य

(ङ) उप-सचिवस्तर प्रतिनिधि, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय –सदस्य

(च) उप-सचिवस्तर प्रतिनिधि, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय –सदस्य

(छ) उप-सचिवस्तर प्रतिनिधि, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (बाल श्रम हेर्ने) –सदस्य

(ज) उप-सचिवस्तर प्रतिनिधि, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (बाल स्वास्थ्य हेर्ने) –सदस्य



सचिव

(झ) उप-निर्देशकस्तर प्रतिनिधि, नेपाल दूरसञ्चार प्राधिकरण –सदस्य

(ञ) महाशाखा प्रमुख, संघीय राजधानीमा रहेका महानगरपालिकाको सामाजिक विकाम महाशाखा –सदस्य

(ट) प्रतिनिधि, नेपाल चेम्बर अफ कमर्स नेपाल –सदस्य

(ठ) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य संघ –सदस्य

(ड) राष्ट्रिय समन्वय समितिले तोकेको १०९८ सेवा प्रदायक निकायको प्रतिनिधि एक जना –सदस्य

(ढ) बाल हेल्पलाइन सञ्चालन अनुमति प्राप्त संस्था मध्ये संयोजकले तोकेका दुई संस्थाका प्रतिनिधि दुई जना –सदस्य

(ण) प्रशासकीय प्रमुख, राष्ट्रिय बाल अधिकार परिषद् –सदस्य–सचिव

(२) समन्वय समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित सरोकारवाला निकाय तथा संघ संस्थाका प्रतिनिधिलाई आमन्त्रित गर्न सकिनेछ ।

(३) बैठकको निर्णय संयोजक र सदस्य-सचिव दुबैबाट प्रमाणित गरिनेछ ।

(४) उपदफा (१) को खण्ड (ढ) बमोजिम मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(५) बैठक सम्बन्धी अन्य कार्यविधि समन्वय समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) समन्वय समितिको सचिवालय परिषद्मा रहनेछ।

१०. <u>काम, कर्तव्य र अधिकार:</u> बाल हेल्पलाइन सञ्चालन राष्ट्रिय समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बाल हेल्पलाइन सञ्चालन सम्वन्धी राष्ट्रिय नीतिको तर्जुमा गर्न सहयोग गर्ने,

(ख) तोकिएको मापदण्ड र योग्यता पुगेको संस्थालाई बाल हेल्पलाइन सञ्चालनको अनुमति प्रदान गर्न मन्त्रालयमा सिफारिस गर्ने,

(ग) यस कार्यविधि बमोजिम बाल हेल्पलाइन सञ्चालन भए नभएको विषयमा समन्वय गरी निरीक्षण तथा अनुगमन गर्ने र आवधिक रूपमा (दुई/दुई वर्षमा) मूल्याङ्कन गर्ने,

(घ) यस कार्यविधि बमोजिम बाल हेल्पलाइन सञ्चालन गर्न नसक्ने संघ संस्थाको अनुमति खारेज गर्न मन्त्रालयमा सिफारिस गर्ने,

(ङ) सम्बन्धित सरोकारवाला निकाय तथा संघ संस्थाहरू बीच समन्वय गर्ने,

(च) आवश्यकताको आधारमा बाल हेल्पलाइनको सेवा प्रदेश तथा अन्य थप जिल्लामा विस्तार गर्ने,



सचिव

(छ) बाल हेल्पलाइनको सेवा प्रवाह प्रभावकारिताका लागि आवश्यक परियोजनाहरू सञ्चालन गर्न परिषद् तथा मन्त्रालयमा प्रस्ताव पठाउने,

(ज) बाल हेल्पलाइन सेवा प्रभाकारिताका लागि बढी भन्दा बढी जोखिममा परेका बालबालिकाको पहुँचका लागि नयाँ नयाँ प्रविधिको विकास गरी/गराई सचिवालय मार्फत कार्यान्वयन गर्ने/गराउने ।

(झ) बाल हेल्पलाइन सञ्चालन तथा व्यवस्थापन समेतको लागि बाल कोष रकमको उपयोग गर्ने ।

(ञ) बाल हेल्पलाइन सञ्चालनको मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन परिषद् मार्फत मन्त्रालयमा पेश गर्ने व्यवस्था मिलाउने।

(ट) राष्ट्रिय समन्वय समितिको सचिवालय सञ्चालन तथा व्यवस्थापन गर्ने ।

११. <u>बाल हेल्पलाइन सञ्चालन प्रदेश समन्वय समितिको गठनः</u> (१) यस कार्यविधि बमोजिम प्रदेश स्तरमा सञ्चालन भएका बाल हेल्पलाइनको सञ्चालन व्यवस्थापन गर्न प्रदेश सामाजिक विकास मन्त्रालयको संयोजनमा प्रदेश स्तरमा एक देहाय बमोजिमको बाल हेल्पलाइन सञ्चालन प्रदेश समन्वय समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सचिव, सामाजिक विकास मन्त्रालय | -संयोजक |
| (ख) | प्रशासकीय प्रमुख, प्रदेश बाल अधिकार समिति | -सदस्य |
| (ग) | प्रतिनिधि अधिकृतस्तर, आन्तरिक मामिला तथा कानून मन्त्रालय | -सदस्य |
| (घ) | प्रतिनिधि अधिकृतस्तर, नीति तथा योजना आयोग | -सदस्य |
| (ङ) | बाल हेल्पलाइन सञ्चालनमा रहेको प्रदेश मुकाममा रहेको सम्बन्धित स्थानीय तहले तोकेको अधिकृतस्तर एक जना | -सदस्य |
| (च) | प्रतिनिधि, दूरसञ्चार प्राधिकरण, प्रदेश कार्यालय | -सदस्य |
| (छ) | सेवा प्रदायक निकाय मध्येबाट संयोजकले तोकेको प्रतिनिधि एक जना | -सदस्य |
| (ज) | प्रतिनिधि अधिकृतस्तर, प्रदेश प्रहरी कार्यालय | -सदस्य |
| (झ) | प्रतिनिधि, अधिकृतस्तर, श्रम कार्यालय | -सदस्य |
| (ञ) | प्रदेशस्तरमा बाल हेल्पलाइन सञ्चालन अनुमति प्राप्त संघ संस्था मध्येबाट समन्वय समितिले तोकेको संघ संस्थाको प्रतिनिध एक जना | -सदस्य |
| (ट) | बालबालिका महाशाखा प्रमुख, सामाजिक विकास मन्त्रालय | -सदस्य-सचिव |



सचिव

(२) समन्वय समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित सरोकारवाला निकाय तथा संस्थाका प्रतिनिधिलाई आमन्त्रित गर्न सकिनेछ ।

(३) बैठक सम्बन्धी अन्य कार्यविधि समन्वय समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) समन्वय समितिको सचिवालय प्रदेश सामाजिक्र विकास मन्त्रालयमा रहनेछ।

१२. <u>काम, कर्तव्य र अधिकार:</u> (१) बाल हेल्पलाइन सञ्चालन प्रदेश समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बाल हेल्पलाइन सम्बन्धी प्रादेशिक नीतिको तर्जुमा गर्न सहयोग गर्ने,

(ख) प्रदेशस्तरमा सञ्चालनमा रहेका बाल हेल्पलाइनको अनुगमन तथा पृष्ठपोषण गर्ने,

(ग) प्रदेशस्तरमा सञ्चालनमा रहेका बाल हेल्पलाइनको प्रभावकारी सञ्चालन तथा स्रोत व्यवस्थापनमा सहयोग गर्ने,

(घ) प्रदेशस्तरमा बाल हेल्पलाइन प्रभावकारी रूपमा सञ्चालन भए नभएको निरीक्षण र अनुगमन गरी मूल्याङ्कन गर्ने र निर्देशन दिने,

(ङ) प्रदेशस्तरमा यस कार्यविधिमा तोकिएको मापदण्ड अनुसार बाल हेल्पलाइन सञ्चालन गर्न नसक्ने उपर कारवाहीका लागि र योग्यता पुगेको संस्थाको चयन गरी बाल हेल्पलाइन सञ्चालनका लागि प्रदेश सामाजिक विकास मन्त्रालय मार्फत परिषद्मा सिफारिस गर्ने,

(च) प्रदेशस्तरमा सम्बन्धित सरोकारवाला निकाय तथा संघ संस्थाहरू बीच समन्वय गर्ने,

(छ) बाल हेल्पलाइन सञ्चालन तथा व्यवस्थापन समेतको लागि प्रदेश बाल कोष रकमको उपयोग गर्ने ।

(ज) प्रदेश स्तरमा सञ्चालित बाल हेल्पलाइनको मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रदेश सामाजिक विकास मन्त्रालय र परिषद्मा प्रत्येक अर्को महिनाको २ गतेभित्र आइपुग्ने गरी पेश गर्न लगाउने ।

(झ) समन्वय समितिको सचिवालय सञ्चालन तथा व्यवस्थापन गर्ने ।

नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं



सचिव

## परिच्छेद-४

## बाल हेल्पलाइन सञ्चालन गर्ने संघ संस्थाको मापदण्ड, छनौट प्रक्रिया र कार्य क्षेत्र निर्धारण कार्यविधि

१३. बाल हेल्पलाइन सञ्चालन गर्ने संघ संस्थाको मापदण्डः (१) बाल हेल्पलाइन सञ्चालन गर्न चाहने संघ संस्था बाल अधिकारको संरक्षण र प्रवर्धनको क्षेत्रमा अविछिन्न रूपमा कम्तीमा पाँच वर्षदेखि कार्यरत भै देहाय बमोजिमको संस्थागत भौतिक पूर्वाधार तथा क्षमता र प्रतिबद्धता भएको हुनुपर्नेछः-

(क) चौवीसै घण्टा बाल हेल्पलाइन बालमैत्री वातावरणमा सञ्चालन गर्न सक्ने,

(ख) दफा ७ मा उल्लिखित कार्यक्रम, कार्य तथा सेवाहरू प्रदान गर्न सक्ने भौतिक पूर्वाधार तथा आर्थिक स्रोत र दक्ष जनशक्ति भएको,

(ग) संघ, प्रदेश र स्थानीय तहका सम्बन्धित सरोकारवाला निकाय तथा संघ संस्था, बाल अधिकार-कर्मी, शिक्षक, बाल कल्याण अधिकारी, समाज सेवी तथा बाल मनोविज्ञ, सामाजिक कार्यकर्ता, सार्वजनिक संस्थान, कम्पनी, निजी क्षेत्र लगायत व्यवसायिक संघ संगठनसँगको समन्वय र सहकार्यमा बाल हेल्पलाइनको पहुँच बालबालिका समक्ष पुऱ्याउन सक्ने,

(घ) बालबालिकाको आपत्कालीन आकस्मिक उद्धारका लागि एम्बुलेन्स वा बालमैत्री सवारी साधन भएको वा सोको प्रबन्ध गर्न सक्ने,

(ङ) उद्धार गरिएका बालबालिकाको पारिवारिक पुनर्मिलन तथा पुनर्एकीकरण वा सामाजिक तथा संस्थागत पुनर्स्थापना नभएसम्म अल्पकालीन संरक्षाणमा राख्न मन्त्रालयले तोकेको न्यूनतम मापदण्ड अनुसारको अस्थायी बाल संरक्षण सेवा केन्द्र भएको,

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

(च) उद्धार गरिएका बालबालिकाको आवश्यकता अनुसार कम्तीमा प्राथमिक उपचार, राहत, मनोविमर्श सेवा, कानूनी परामर्श सेवा, तत्काल संरक्षण सहयोग प्रदान गर्न सक्ने स्रोत साधन भएको,

(छ) बाल अधिकारको क्षेत्रमा क्रियाशील तीनै तहका सरकारी निकाय, संघ संस्था, समुदाय र अन्य सरोकारवालासँगको समन्वय र सहकार्यमा बालबालिकाको संरक्षण, पारिवारिक पुनर्मिलन तथा पुनर्एकीकरण वा सामाजिक तथा संस्थागत पुनर्स्थापना गर्न सक्ने,

(ज) उद्धार गरिएका बालबालिकालाई पारिवारिक पुनर्मिलन तथा सामाजिक वा संस्थागत पुनर्स्थापना गर्न आफै वा सम्बन्धित सरोकारवाला निकाय तथा संघ संस्थासँग समन्वय गरी आवश्यक पारिवारिक सहयोग उपलब्ध गराउन र नियमित अनुशरण तथा पृष्ठपोषण गर्न सक्ने,

(झ) बाल अधिकारको संरक्षण र सम्वर्धनका लागि आवश्यक सूचना, सन्देश, जानकारी सम्प्रेषण र प्रचार प्रसार गर्न सक्ने,

(ञ) बाल हेल्पलाइन सञ्चालन सचिवालयको प्रत्यक्ष सम्पर्कमा रही बाल हेल्पलाइन गतिविधि, तथ्याङ्क र सूचना सहितको प्रतिवेदनहरू सम्बन्धित निकायमा छिटो छरितो एवम् व्यवस्थित ढंगले आवधिक रूपमा उपलब्ध गराउन सक्ने,

(ट) बाल हेल्पलाइन सम्बन्धी सूचना तथा जानकारी सचिवालयले उपलब्ध गराएको अनलाइन प्रणालीमा नियमित र अनिवार्य रूपमा दर्ता तथा अद्यावधिक गर्न सक्ने,

(ठ) बाल हेल्पलाइन सञ्चालन गर्ने संघ संस्थाले बाल हेल्पलाइनसँग सम्बन्धित कुनै पनि कार्यक्रम सञ्चालन, प्रचार प्रसार तथा प्रकाशन गर्दा नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय बाल अधिकार



सचिव

परिषद्द्वारा, (संस्थाको नाम) सँगको सहकार्यमा सञ्चालित बाल हेल्पलाइन नम्बर १०९८ (प्रदेश र जिल्लाको नाम) उल्लेख गरी सहकार्य गर्न सहमत भएको,

(ङ) बाल हेल्पलाइन नम्बर १०९८ नेपालको लोगो अनुसूची-२ र लेटरप्याड अनुसूची-३ बमोजिम प्रयोग गर्ने गरी सहकार्य गर्न सहमत भएको,

(२) उपदफा (१) बमोजिम उद्धार गरिएका बालबालिकाको संरक्षण, राहत लगायतको सेवा सुविधा उपलब्ध गरी पारिवारिक पुनर्मिलन र सामाजिक पुनर्स्थापना गर्न सक्ने संस्थागत क्षमता बाल हेल्पलाइन सञ्चालन अनुमति प्राप्त गर्ने संघ संस्थामा भएको प्रष्ट देखिनु पर्नेछ ।

१४. <u>बाल हेल्पलाइन सञ्चालन गर्ने संघ संस्थाको छनौट प्रक्रियाः</u> (१) कार्यविधिको दफा १३ बमोजिमको मापदण्ड पुगेका बाल हेल्पलाइन सञ्चालन गर्न इच्छुक संघ संस्थाबाट आवेदन आह्वान गर्नका लागि राष्ट्रिय पत्रिकामा सचिवालयले कम्तीमा पन्ध्र दिने सूचना प्रकाशन गर्नेछ ।

(२) यो कार्यविधि लागू भए पश्चात बाल हेल्पलाइन सञ्चालन गर्न चाहने नयाँ संघ संस्था वा विगत वर्षदेखि नै बाल हेल्पलाइन सञ्चालन गरिरहेका संघ संस्थाहरूले समेत तीन महिनाभित्र वा सूचना प्रकाशित भए अनुसार सम्बन्धित स्थानीय तह र प्रदेश सामाजिक विकास मन्त्रालयको सिफारिसमा बाल हेल्पलाइन सञ्चालन अनुमतिका लागि आवेदन दिनु पर्नेछ ।

(३) बाल हेल्पलाइन सञ्चालनका लागि आवेदन दिने संघ संस्थाहरूको मापदण्ड दफा १३ बमोजिम भए/नभएको अनुगमन तथा मूल्याङ्कन समन्वय समिति सचिवालयले गर्नेछ ।

(४) अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनको आधारमा उपयुक्त देखिएका संघ संस्थालाई राष्ट्रिय समन्वय समितिले छनौट गरी बाल हेल्पलाइन सञ्चालन स्विकृतिका लागि मन्त्रालयमा सिफारिस गर्नेछ ।

नेपाल सरकार
...तथा ज्येष्ठ नागरिक म...
सिंहदरबार, काठमाडौं



२।।८।७९
सचिव

(५) मन्त्रालयबाट बाल हेल्पलाइन सञ्चालन अनुमति प्रदान गर्न उपयुक्त देखिएका संघ संस्थालाई राष्ट्रिय समन्वय समिति सचिवालय मार्फत अनुमति प्रदान गरिनेछ ।

(६) प्रत्येक तीन/तीन वर्षमा बाल हेल्पलाइन सञ्चालन गर्ने संघ संस्थाले तोकिएको मापदण्ड बमोजिम बाल हेल्पलाइन सञ्चालन गरे/नगरेको सम्बन्धमा सचिवालय मार्फत अनुगमन गरिनेछ र मापदण्ड बमोजिम नभए अनुमति खारेजको लागि सिफारिस गरिनेछ ।

(७) यस कार्यविधिको दफा १३ बमोजिमको मापदण्ड पालना भए/नभएको अनुगमन तथा मूल्याङ्कन समन्वय समिति सचिवालयले गरी बाल हेल्पलाइन सञ्चालन अनुमतिका लागि आवेदन दिने संघ संस्थाहरूलाई अनुमति दिने वा नदिने कुराको विषय प्रतिवेदनमा खुलाई राष्ट्रिय समन्वय समितिको सचिवालयमा लेखी पठाउनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिमको बाल हेल्पलाइन सञ्चालन अनुमति सम्बन्धमा प्राप्त प्रतिवेदनका आधारमा राष्ट्रिय समन्वय समितिले आवश्यक निर्णय गर्नेछ ।

१५. <u>बाल हेल्पलाइन सञ्चालन कार्य क्षेत्र निर्धारण:</u> (१) यस कार्यविधि बमोजिम बाल हेल्पलाइन प्रदेश राजधानी समेत गरी प्रत्येक प्रदेशको आवश्यकता र औचित्वको आधारमा कम्तीमा दुईवटा बाल हेल्पलाइन सो प्रदेशको सबै जिल्ला तथा स्थानीय तहका बालबालिकामा पहुंच पुग्ने गरी सञ्चालन गरिनेछ ।

(२) बाल हेल्पलाइन सञ्चालन गरिने प्रदेश भित्रका जिल्लामध्ये प्रदेश राजधानी भएको जिल्लालाई आधार जिल्ला मानी अन्य जिल्लालाई भौगोलिक रूपमा सबै जिल्लाहरूको केन्द्र तथा दूरी वा विशेष महत्वको हिसाबले नजिक पर्ने जिल्ला छनौट गरी सञ्चालन गरिनेछ ।

तर प्रदेश राजधानी नतोकिएको हकमा भौगोलिक दूरी र जनसंख्यालाई आधार मानी सबैको नजिक हुने गरी कार्य क्षेत्र कायम गरिनेछ ।

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं



२०८०।
सचिव

(३) बाल हेल्पलाइन सञ्चालन गरिने प्रदेश, जिल्ला र सोको संख्या तथा कार्य क्षेत्र आधारभूत रूपमा अनुसूची -४ मा निर्धारण गरिए बमोजिम हुनेछ ।

१६. जानकारी र कार्यान्वयनः (१) बाल हेल्पलाइनले प्राप्त हुने जानकारी, स्थलगत अनुगमन र अन्य स्रोतबाट प्राप्त सूचना-जानकारीको आधारमा आफ्नो कार्य तथा सेवा प्रदान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त सूचना-जानकारीको स्रोत सूचकको इच्छानुसार गोप्य राख्नु परेमा बाल हेल्पलाइनले गोप्य राख्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त सूचना-जानकारीको गाम्भीर्यता र विश्वसनियताको यकिन गरी बाल हेल्पलाइनले सोको सम्बोधन गर्नु पर्नेछ र आफ्नो स्रोत तथा क्षमता बाहेकको कार्यका लागि आवश्यक सेवा उपलब्ध गराउन सम्बन्धित सरोकारवाला निकाय वा संघ संस्थामा कार्यान्वयनका लागि समन्वय गरी हस्तान्तरण गर्नु पर्नेछ ।

## परिच्छेद-५
## बालबालिकाको उद्धार, संरक्षण, सहयोग र अनुगमन

१७. बालबालिकाको उद्धार तथा संरक्षणः (१) बाल हेल्पलाइनमा प्राप्त हुने सूचना-जानकारीको आधारमा जोखिममा परेका बालबालिकाको तत्काल उद्धार गरी बाल हेल्पलाइनको आपत्कालीन अस्थायी बाल संरक्षण सेवा केन्द्रमा राखिनेछ ।

(२) उपदफा (१) बमोजिमको केन्द्रमा राखिएका बालवालिकालाई आवश्यकता अनुसार प्राथमिक उपचार, खाना, बास, पोषण, मनोविमर्श सेवा तथा अन्य तत्काल अत्यावश्यक हुने सेवा उपलव्ध गराइनेछ ।

(३) बाल हेल्पलाइन बाहेक नेपाल प्रहरी लगायत अन्य सम्बन्धित सरोकारवाला मार्फत जोखिममा परेका बालबालिका उद्धार गरी सिफारिस भई आएका बालबालिकालाई समेत

आपत्कालीन अस्थायी बाल संरक्षण केन्द्रमा राखी उपदफा (२) बमोजिमको सेवा उपलव्ध गराइनेछ ।

(४) उपदफा (१) बमोजिम केन्द्रमा राखिएका बालवालिकाको परिवारको खोजी तथा लेखाजोखा सम्बन्धित निकाय समेतको सहयोग र समन्वयमा गरिनेछ ।

१८. <u>पारिवारिक पुनर्मिलन तथा संस्थागत पुनर्स्थापना गरिने:</u> (१) जोखिममा परेर उद्धार गरिएका बालबालिकाको परिवारको खोजी तथा लेखाजोखा गरी पारिवारिक पुनर्मिलन गरिनेछ।

(२) बाल अधिकार उल्लंघन भएका कारण उद्धार गरिएको भए सम्बन्धित स्थानीय तहको बाल कल्याण अधिकारी र समाज सेवी तथा बाल मनोविज्ञको माध्यमबाट बालवालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखी सम्बन्धित परिवार वा वैकल्पिक हेरचाहको व्यवस्था गरी संरक्षण गरिनेछ ।

(३) मनोविमर्श तथा पारिवारिक परामर्श पश्चात परिवारमा पठाउन उपयुक्त ठानिएका बालबालिका बाबुआमा वा संरक्षक वा अभिभावकको जिम्मामा लगाइनेछ ।

(४) परिवार नभएका वा विविध कारणले पारिवारिक पुनर्मिलन गराउन सकिने कुनै पनि सम्भावना नभएका बालबालिकालाई मात्र मन्त्रालय वा परिषद् वा प्रदेश सामाजिक विकास मन्त्रालय वा प्रदेश बाल अधिकार समिति वा स्थानीय तह वा स्थानीय बाल अधिकार समितिको सिफारिसमा बाल कल्याण अधिकारी मार्फत अन्तिम विकल्पको रूपमा संरक्षणका लागि बाल गृहमा राखिनेछ ।

(५) बाल हेल्पलाइन सञ्चालन गर्ने संघ संस्थामा पर्याप्त स्रोत-साधन तथा कार्यक्रम वजेट रकम नभएमा सम्बन्धित निकायसँगको समन्वय तथा सिफारिस संयन्त्र मार्फत पारिवारिक पुनर्मिलन तथा संस्थागत पुनर्स्थापना गरिनेछ ।

१९. <u>सहयोग गरिने:</u> (१) पारिवारिक पुनर्मिलन गरिएका बालबालिकाको परिवारको लेखाजोखा गर्दा बालबालिका पुन: जोखिममा पर्न सक्ने वा परिवारबाट भाग्ने वा सडकमा आउन सक्ने वा



सचिव

विद्यालय जान नसक्ने अवस्था आउने वा पोषणको अभाव हुन सक्ने लगायतका अवस्था देखिएमा बाल हेल्पलाइनले आवश्यकता पहिचान गरी पारिवारिक आर्थिक सहयोग, पोषण सहयोग वा शैक्षिक सामग्री सहयोग वा छात्रवृत्ति सहयोग वा आय आर्जन वृद्धि गर्न विभिन्न पेशा व्यवसाय सञ्चालनका लागि सहयोग गर्नेछ ।

(२) बाल हेल्पलाइनले उपदफा (१) बमोजिम सहयोग गर्न नसक्ने भएमा सम्बन्धित निकायमा सहयोगका लागि लेखी पठाउनेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको सहयोगहरू मध्ये आय आर्जनका लागि व्यवसाय सञ्चालन सहयोग प्राप्त गर्न उक्त परिवारले साना व्यवसाय सञ्चालन योजना बनाई सम्बन्धित निकाय तथा बाल हेल्पलाइनमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१), (२) र (३) बमोजिमको सहयोग गर्नु पूर्व सम्बन्धित स्थानीय तहको वडा समितिको बैठकबाट सहयोग प्राप्त गर्नेको नाम, सहयोगको किसिम र सहयोग रकम सहित स्पष्ट खुलाएको निर्णय तथा सिफारिस सम्बन्धित बाल हेल्पलाइन वा निकायमा पेश गर्नु पर्नेछ ।

२०. <u>अनुगमन गरिने:</u> (१) बाल हेल्पलाइन सञ्चालन गर्ने संघ संस्थाले परिवारमा पुनर्मिलन तथा पुनर्एकीकरण गरिएका र संस्थागत तथा सामाजिक पुनर्स्थापना गरिएका बालबालिकाको कम्तीमा दुई वर्षसम्म छ/छ महिनाको अवधिमा अनुगमन गर्नेछ र सो सम्बन्धी प्रतिवेदन सचिवालयमा पठाउनेछ।

(२) बाल हेल्पलाइन सञ्चालन गर्ने संघ संस्थाबाट बाल हेल्पलाइन सम्बन्धी सञ्चालित कार्यक्रम र उपदफा (१) बमोजिम पुनर्मिलन तथा पुनर्स्थापना भएका बालबालिकाको मन्त्रालय, परिषद्, सामाजिक विकास मन्त्रालय, प्रदेश बाल अधिकार समिति, स्थानीय तह, स्थानीय बाल अधिकार समिति, बाल कल्याण अधिकारी र समन्वय समितिले अनुगमन तथा पृष्ठपोषण गर्न सक्नेछन् ।

(३) उपनियम (२) बमोजिम अनुगमन गर्दा दिइएका सुझाव तथा पृष्ठपोषणलाई सम्बन्धित बाल हेल्पलाइनले कार्यान्वयन गर्नु पर्नेछ ।

## परिच्छेद-६

## संघ संस्थालाई दिइने अनुदान, लेखा, लेखा परीक्षण र प्रतिवेदन

२१. जोखिममा परेका बालबालिकाको आपत्कालीन आकस्मिक उद्धार, राहत तथा संरक्षण सहयोगः

(१) जोखिममा परेका बालबालिकाको आपत्कालीन आकस्मिक उद्धार, राहत, मनोविमर्श तथा संरक्षण सहयोग र पारिवारिक पुनर्मिलन तथा पनुर्स्थापना कार्यका लागि नेपाल सरकार, प्रदेश सरकार र सम्बन्धित स्थानीय तहले तोकिएका निकाय मार्फत वार्षिक कार्यक्रममा विनियोजन गरी सहयोग उपलब्ध गराउन सक्नेछन् ।

(२) बाल हेल्पलाइनले उपदफा (१) बमोजिम प्राप्त अनुदान रकमबाट यस कार्यविधि बमोजिमका लक्षित बालबालिकाका लागि कार्यक्रम, कार्य तथा सेवा प्रवाह गर्दा देहाय बमोजिमको शीर्षकमा प्रचलित कानून बमोजिम अनुदान रकम खर्च गर्न सक्नेछः-

(क) जोखिममा परेर आपत्कालीन आकस्मिक उद्धार गरिएका बालबालिकाको आवश्यकता लेखाजोखा गरी तत्काल संरक्षणका लागि उपचार, राहत, मनोविमर्श, खाना तथा खाजा लगायत लत्ताकपडा सहयोग वापतको खर्च,

(ख) दुर्घटनामा परी सामान्य चोटपटक लागेका वा अन्य रोगका कारण सामान्य उपचार गर्नुपर्ने बालबालिकाको उपचारका लागि स्वास्थ्य उपचार सहयोग वापतको खर्च,

(ग) उद्धार गरी ल्याइएका बालबालिकाको पारिवारिक पुनर्मिलन तथा संस्थागत पुनर्स्थापना कार्यमा नेपाल सरकारको निमयानुसारको दैनिक भ्रमण भत्ता तथा



२०७५।...

सचिव

यातायात खर्च र बालबालिकाको बाटो बास, खाना तथा खाजा र सार्वजनिक यातायात खर्च,

(घ) पारिवारिक पुनर्मिलन गरिएका बालबालिकाको शैक्षिक निरन्तरताका लागि सहयोग गर्नुपर्ने अवस्था देखिएमा लेखाजोखाको आधारमा शैक्षिक सामग्री तथा छात्रवृत्ति सहयोग वापतको खर्च,

(ङ) बालबालिकाको आपत्कालीन आकस्मिक उद्धार, पारिवारको खोजी तथा लेखाजोखा, पारिवारिक पुनर्मिलन गरिएका बालबालिकाको अवस्था अनुगमन लगायतका कार्यमा जाँदा आउंदाको सवारी साधनको इन्धन/सार्वजनिक यातायात खर्च, नेपाल सरकारको नियमानुसारको दैनिक भ्रमण भत्ता वापतको खर्च,

(च) चौबीसै(२४)घण्टा बाल हेल्पलाइन सञ्चालनका लागि कार्यालय समय भन्दा अतिरिक्त सम्य काम गर्दा नेपाल सरकार अर्थ मन्त्रालयको नियमानुसारको अतिरिक्त समय भत्ता वापतको खाजा तथा खाना खर्च,

(छ) बाल हेल्पलाइन जडान लगायतको टेलिफोन महशुल वापतको खर्च,

(ज) बाल हेल्पलाइनको नाममा दर्ता भई प्रयोगमा रहेको इन्टरनेट महशुल, विद्युत महशुल, खानेपानी महशुल वापतको खर्च,

(झ) उद्धार गरिएका बालबालिकाको आवास तथा पोषणका लागि खाद्यान्न, तरकारी, फलफूल, दूध लगायतका दैनिक उपभोग्य सामग्री, आवासीय सुविधाको लागि आवश्यक लत्ता-कपडा, सिरक डस्ना लगायतका सामग्री खरिद वापतको खर्च,

(ञ) पारिवारिक पुनर्मिलन गरिएका बालबालिकाको परिवारको लेखाजोखा गर्दा बालबालिका पुनः जोखिममा पर्न सक्ने वा परिवारबाट भाग्ने वा सडकमा आउन सक्ने वा विद्यालय जान नसक्ने अवस्था आउने वा पोषणको अभाव हुन सक्ने लगायतका अवस्था देखिएमा बाल हेल्पलाइनले आवश्यकता पहिचान



सचिव

गरी अत्यावश्यक देखिएमा पारिवारिक परामर्श सहयोग, पोषण सहयोग, पारिवारिक आर्थिक विकास सहयोग वा शैक्षिक सामग्री सहयोग वा छात्रवृत्ति सहयोग, आय आर्जन वृद्धि गर्न विभिन्न साना व्यवसाय सञ्चालनका लागि सहयोग वापतको खर्च,

(ट) बाल हेल्पलाइन समन्वय समितिको बैठक सम्बन्धी खर्च,

(ठ) घरभाडा खर्च बुझाउनु पर्ने बाल हेल्पलाइन भए नियमानुसार गरिएको सम्झौताको बढीमा पचास प्रतिशतसम्मको खर्च ।

(३) उपदफा (१) बमोजिमको सेवा प्रवाहका लागि उपदफा (२) बमोजिमको शीर्षकको खर्च रकममा प्रशासनिक तथा उपभोग खर्च वार्षिक प्राप्त अनुदान रकमको चालीस प्रतिशतभन्दा बढी हुने गरी कार्यक्रम सञ्चालन तथा खर्च गर्न सकिने छैन ।

(४) उपदफा (२) बमोजिमको खर्च शीर्षक रकमको सीमा प्रत्येक आर्थिक वर्षमा राष्ट्रिय समन्वय समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) प्रचलित नियमानुसार बाल हेल्पलाइन सञ्चालन सम्बन्धी छुट्टै विशेष परियोजना वा कार्यक्रम परिषद्ले सञ्चालन गरेमा उक्त स्वीकृत कार्यक्रम वा परियोजनामा व्यवस्था भए बमोजिमका शीर्षकहरूमा संघ संस्थाले कार्यक्रम वजेटको सदुपयोग गर्न सक्नेछ।

(६) प्रदेश तथा स्थानीय तहबाट प्राप्त हुने अनुदान कार्यक्रम वजेट अन्तर्गत खर्च शीर्षक रकमको सीमा सम्बन्धित प्रदेश सामाजिक विकास मन्त्रालय, स्थानीय कार्यपालिका वा निकायले निर्धारण नगरेमा यसै कार्यविधि बमोजिमको राष्ट्रिय समन्वय समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

२२. <u>बाल हेल्पलाइन सम्बन्धी सेवाको प्रवर्धन:</u> बाल हेल्पलाइन सम्बन्धी सेवाको प्रचार प्रसार तथा प्रवर्धनात्मक कार्य बाल हेल्पलाइनको सचिवालयले गर्नेछ तर संस्थाको आफ्नै स्रोतबाट

सिंहदरबार, काठमाडौं



२०७८।

सचिव

बाल हेल्पलाइनको प्रवर्धन गर्न चाहेमा सचिवालयसँग समन्वय गरी प्रचार प्रसार तथा प्रवर्धन गर्न सक्नेछ ।

२३. <u>प्रतिवेदन पेश गर्नुपर्नेः</u> (१) बाल हेल्पलाइनमा उद्धार गरी ल्याइएका, सिफारिस तथा स्थानान्तरण भई आएका र बाल हेल्पलाइन मार्फत सेवा प्रवाह गरिएका बालबालिकाको पूर्ण विवरण राष्ट्रिय समन्वय समितिको सचिवालयले तोकेको ढाँचामा अनलाइनमा भर्नु पर्नेछ ।

(२) बाल हेल्पलाइन सञ्चालन सम्बन्धी प्रगति प्रतिवेदन मासिक, चौमासिक तथा वार्षिक रूपमा अनुसूची -५ बमोजिमको ढाँचामा तयार गरी सम्बन्धित स्थानीय तह, स्थानीय बाल अधिकार समिति, प्रदेशको सामाजिक विकास मन्त्रालय, प्रदेश बाल अधिकार समिति, परिषद् र मन्त्रालयमा पठाउनु पर्नेछ ।

२४. <u>आर्थिक प्रतिवेदन र लेखापरीक्षणः</u> (१) सचिवालय मार्फत केन्द्र स्तर, प्रदेश स्तर र स्थानीय स्तरमा संघ संस्थासँगको सहकार्यमा सञ्चालन हुने कार्यक्रम तथा परियोजनाको हकमा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम आन्तरिक र अन्तिम लेखा परीक्षण गरिनेछ ।

(२) संघ संस्थाहरूले नेपाल सरकारबाट प्राप्त हुने वार्षिक कार्यक्रमको अनुदान रकमको खर्च सम्बन्धी सम्पूर्ण सक्कल स्रेस्ता सचिवालयमा पठाउनु पर्नेछ ।

(३) बाल हेल्पलाइनले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त हुने अनुदान रकमको स्पष्ट रूपमा स्रोत खुल्ने गरी लेखा परीक्षण गराई सो सम्बन्धी लेखा परीक्षण प्रतिवेदन प्रत्येक अर्को आर्थिक वर्षको भदौ मसान्तभित्र सचिवालयमा पठाउनु पर्नेछ।

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद-७
## विविध

२५. <u>सम्बन्धित निकायको कर्तव्य हुने:</u> यस कार्यविधि अनुसार जोखिममा परेका बालबालिकाको उद्धार, राहत, संरक्षण तथा पुनर्मिलन र पुनर्स्थापनामा सहयोग गर्नु सम्बन्धित निकाय तथा संघ संस्थाको कर्तव्य हुनेछ ।

२६. <u>कार्यक्रम वजेट खर्च रकमको सीमा लागू नहुने:</u> यस कार्यविधिको अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अन्य संघ-संस्थाको वा बाल हेल्पलाइन सञ्चालन गर्ने संघ संस्थाको आफ्नै स्रोतबाट बाल हेल्पलाइनको सेवा प्रवाह सम्बन्धी कार्य सञ्चालन गर्दा यस कार्यविधिले तोकेको खर्च सीमा मापदण्ड लागू हुने छैन तर सो कार्यक्रम समेतको अनुगमन तथा मूल्याङ्कन यस कार्यविधि बमोजिम गर्न गराउन बाधा पुगेको मानिने छैन ।

२७. **स्रोत व्यवस्थापनमा तीनै तह तथा बाल हेल्पलाइन सञ्चालन अनुमति प्राप्त संघ संस्थाको दायित्व हुने:** (१) बाल हेल्पलाइन सञ्चालन गर्न आवश्यक हुने स्रोत साधन तथा वजेट रकम नियमित वार्षिक कार्यक्रममा विनियोजन गर्नु गराउनु तीनै तहका जिम्मेवार निकायको दायित्व हुनेछ ।

(२) बाल हेल्पलाइन सञ्चालन अनुमति प्राप्त संस्थाले पनि हेल्पलाइन सञ्चालनको लागि वार्षिक कार्यक्रम अन्तर्गत छुट्टै स्रोत देखिने गरी व्यवस्थापा गर्नु पर्नेछ ।

२८. <u>संशोधन गर्न सक्ने:</u> यस कार्यविधिलाई आवश्यकतानुसार मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

तर कार्यविधिको कुनै अनुसूची थप घट तथा संशोधन गर्नु परेमा सचिवालयको परामर्शमा राष्ट्रिय समन्वय समितिले संशोधन गर्न सक्नेछ ।

२९. <u>खारेजी र बचाउ:</u> (१) बाल हेल्पलाइन सञ्चालन कार्यविधि, २०६४ खारेज गरिएको छ।

(२) बाल हेल्पलाइन सञ्चालन कार्यविधि, २०६४ बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

नेपाल सरकार ... तथा ज्येष्ठ नागरिक ... काठमाडौं

२।।६।७

सचिव

## अनुसूची -१

(दफा २ खण्ड (छ)सँग सम्बन्धित)

<u>जिम्मेवार तथा सहयोगी निकाय र संघ संस्थाहरू:</u>

**संघीय तहः**

(१) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,

(२) राष्ट्रिय बाल अधिकार परिषद्,

(३) गृह मन्त्रालय, नेपाल प्रहरी तथा उपत्यकाका महानगरीय प्रहरी परिसर,

(४) सञ्चार तथा सूचना प्रविधि मन्त्रालय,

(५) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,

(६) श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

(७) नेपाल दूरसञ्चार प्राधिकरण,

(८) सेवा प्रदायक निकाय (नेपाल टेलिकम, एनसेल लगायतका सेवा प्रदायकहरू),

(९) समाज कल्याण परिषद्,

(१०) बालबालिका खोजतलास नं. १०४(बालबालिका खोजतलास समन्वय केन्द्र, बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र, बालबालिका खोजतलास जिल्ला समन्वय केन्द्र एवम् सम्बन्धित महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र),

(११) संघीय राजधानी रहेको प्रदेश सामाजिक विकास मन्त्रालय,

(१२) संघीय राजधानीमा रहेका सबै स्थानीय तहहरू,

(१३) बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था,

(१४) बाल गृह महासंघ तथा बाल गृहहरू,

(१५) नेपाल उद्योग वाणिज्य संघ, नेपाल चेम्बर्स अफ कमर्श, अन्य व्यापारिक तथा व्यवसायिक संगठन तथा समाज सेवी व्यापारी र उद्योग व्यवसायी,

(१६) सञ्चार माध्यम ।

**प्रदेश तहः**

(१७) प्रदेश सामाजिक विकास मन्त्रालय,

(१८) प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय,

(१९) प्रदेश बाल अधिकार समिति,

(२०) प्रदेश प्रहरी,

(२१) बालबालिका खोजतलास नं. १०४ (बालबालिका खोजतलास प्रदेश समन्वय केन्द्र, बालबालिका खोजतलास जिल्ला समन्वय केन्द्र एवम् सम्बन्धित महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र),

(२२) प्रदेश श्रम कार्यालय,

(२३) जिल्ला प्रशासन कार्यालयहरू,

(२४) जिल्ला समन्वय समितिहरू,

(२५) प्रदेश राजधानी तथा बाल हेल्पलाइन सञ्चालन भएको जिल्ला सदर मुकाममा रहेका सबै स्थानीय तहहरू,

(२६) प्रदेश स्तरमा बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था,

(२७) प्रदेश स्तरमा सञ्चालित बाल गृहहरू,

(२८) नेपाल उद्योग वाणिज्य संघ, नेपाल चेम्बर्स अफ कमर्श, अन्य व्यापारिक तथा व्यवसायिक प्रदेश स्तरीय संगठन,

(२९) सञ्चार माध्यम।

स्थानीय तहः

(३०) स्थानीय तहहरू,

(३१) स्थानीय बाल अधिकार समितिहरू,

(३२) बालबालिका खोजतलास नं. १०४(बालबालिका खोजतलास जिल्ला समन्वय केन्द्र र सम्बन्धित महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र),

(३३) स्थानीय स्तरमा बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्थाहरू,

(३४) स्थानीय स्तरमा सञ्चालित बाल गृहहरू

(३५) विद्यालयहरू

(३६) बाल क्लब तथा सञ्जालहरू,

(३७) समुदायमा आधारित बाल संरक्षण संयन्त्र: स्थानीय स्तरका बाल संरक्षण समिति, युवा क्लब, आमा समूह, महिला समूह, किशोरी समूह, सामुदायिक वन उपभोक्ता समिति, उपभोक्ता समूह लगायतका संयन्त्रहरू,

(३८) स्थानीय सञ्चार माध्यम ।

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं



२।१६।१

सचिव

## अनुसूची -२
(दफा १३ उपदफा (१) खण्ड (ङ)सँग सम्बन्धित)

<u>बाल हेल्पलाइनको लोगो र छाप</u>

सचिव

अनुसूची -३

(दफा १३ उपदफा (१) खण्ड (ङ)सँग सम्बन्धित)

<u>बाल हेल्पलाइनको लेटरप्याड</u>

१०९८ (दश नौ आठ)

## बाल हेल्पलाइन नम्बर १०९८ नेपाल

## (प्रदेश र जिल्लाको नाम)

*(नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद् र बाल हेल्पलाइन नम्बर १०९८ सञ्चालन अनुमति प्राप्त..............*

*(संस्थाको नाम) को सहकार्यमा सञ्चालित)*

प.सं.... मितिः

च.नं...

विषयः-

श्री...... ...........

फोन नं. वेबसाइटः

इमेलः

बाल हेल्पलाइन नम्बर १०९८ सम्बन्धी प्रवर्धनात्मक सन्देश

## अनुसूची -४

(दफा १५ उपदफा (३)सँग सम्बन्धित)

**बाल हेल्पलाइन सञ्चालन गरिने संख्या, प्रदेश, जिल्ला र कार्य क्षेत्र**

| सञ्चालन गरिने बाल हेल्पलाइन संख्या | प्रदेश | सञ्चालन गरिने जिल्ला र स्थान | कार्य क्षेत्र |
|---|---|---|---|
| १ | प्रदेश नं. १ | सुनसरी, इटहरी | मोरङ्, सुनसरी, उदयपुर, संखुवासभा, तेह्रथुम, धनकुटा र भोजपुर |
| २ | प्रदेश नं. १ | झापा, दमक | झापा, इलाम, पांचथर र ताप्लेजुङ्ग |
| ३ | प्रदेश नं. १ | ओखलढुङ्गा | ओखलढुङ्गा, सोलुखुम्बु र खोटाङ् |
| ४ | प्रदेश नं. २ | धनुषा, जनकपुर | ससरी, सिराह, धनुषा र महोत्तरी |
| ५ | प्रदेश नं. २ | पर्सा, विरगञ्ज | पर्सा, बारा, रौतहट र सर्लाही |
| ६ | प्रदेश नं. ३ | काठमाडौं | काठमाडौं, ललितपुर, भक्तपुर, धादिङ्, नुवाकोट र रसुवा |
| ७ | प्रदेश नं. ३ | चितवन, भरतपुर | मकवानपुर र चितवन |
| ८ | प्रदेश नं. ३ | काभ्रेपलाञ्चोक, धुलीखेल | काभ्रेपलाञ्चेक, सिन्धुपाल्चोक, दोलखा, रामेछाप र सिन्धुली |
| ९ | गण्डकी | कास्की, पोखरा | कास्की, स्याङ्जा, पर्वत, बागलुङ्, म्याग्दी र मुस्ताङ् |
| १० | गण्डकी | तनहुं, दमौली | तनहुं, लमजुङ्, मनाङ् नवलपुर(नवलपरासी सुस्ता पूर्व) र गोरखा |
| ११ | प्रदेश नं. ५ | रूपन्देही, बुटवल | रूपन्देही, नवलपरासी, कपिलवस्तु, पाल्पा, गुल्मी र अर्घाखांची |
| १२ | प्रदेश नं. ५ | बांके, नेपालगञ्ज | बांके, बर्दिया, दाङ्, प्यूठान, रोल्पा र रूकुम (पूर्वी भाग) |
| १३ | कर्णाली | सुर्खेत, वीरेन्द्रनगर | सुर्खेत, सल्यान, दैलेख, जाजरकोट, रूकुम (पश्चिम भाग) र हुम्ला |
| १४ | कर्णाली | जुम्ला, जुम्ला खलंगा | जुम्ला, कालीकोट, मुगु र डोल्पा |
| १५ | सुदूरपश्चिम | कैलाली, धनगढी | कैलाली र कन्चपुर |
| १६ | सुदूरपश्चिम | डडेल्धुरा, डडेल्धुरा खलंगा | डडेल्धुरा, डोटी, बाजुरा, अछाम, बझाङ्, बैतडी र दार्चुला |



सचिव

अनुसूची -५

(दफा २३ उपदफा (२)सँग सम्बन्धित)

बाल हेल्पलाइन नम्बर १०९८ नेपाल

(प्रदेश र जिल्लाको नाम उल्लेख गर्ने)

आ.व. ......को ...... महिनाको /..... चौमासिक/वार्षिक प्रगति विवरण

(क) बालबालिका उद्धार सम्बन्धी विवरण

| क्र.स. | उद्धार गरिएको क्षेत्र | उद्धार गरिएका बालबालिकाको संख्या | | |
|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा |
| १ | सडक बालबालिका | | | |
| २ | बालबालिका विरूद्धको हिंसा(ऐनको दफा ६६ उपदफा (२) खण्ड (क)देखि (द)सम्मको हिंसाको प्रकार खुलाएर बाल विवाह र हेपाइ समेत) भएका बालबालिका | | | |
| ३ | बाल यौन दुर्व्यवहार (ऐनको दफा ६६ उपदफा (३) खण्ड (क)देखि (ट)सम्मको बाल यौन दुर्व्यवहारको प्रकार खुलाएर) भएका बालबालिका | | | |
| ४ | हराएका वा अपहरणमा परेका बालबालिका | | | |
| ५ | बेवारिस फेला परेका बालबालिका | | | |
| ६ | बेचबिखन र ओसार पसारमा परेका बालबालिका | | | |
| ७ | बाल श्रम (जोखिमपूर्ण काम वा व्यवसाय)मा रहेका बालबालिका | | | |
| ८ | गम्भीर विरामी, दुर्घटना तथा प्रकोपमा परेका बालबालिका, | | | |
| ९ | द्वन्द्व पीडित तथा प्रभावित बालबालिका | | | |
| १० | विशेष संरक्षणको आवश्यकता भएका बालबालिका मध्ये माथि उल्लिखित बाहेक(प्रकार समेत खुलाएर)का बालबालिका (ऐनको दफा ४८ उपदफा (१) खण्ड (क)देखि (ड)सम्म) | | | |
| | जोखिमपूर्ण अवस्थाबाट उद्धार गरिएका कुल बालबालिका | | | |
| | सम्बन्धित निकायबाट सिफारिस भई आएका बालबालिका | | | |
| | कुल घटना सम्बोधन गरिएका बालबालिका | | | |



सचिव

(ख) उद्धार गरिएका बालबालिकाको पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना सम्बन्धी विवरण

| क.स. | पुनर्मिलन/पुनर्स्थापन सम्बन्धी विवरण | पुनर्मिलन/पुनर्स्थापना गरिएका | | |
|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा |
| उद्धार गरिएका तथा सिफारिस भई आएका बालबाललिका मध्ये | | | | |
| १ | पारिवारिक पुनर्मिलन गरिएका बालबालिका | | | |
| २ | संस्थागत (बाल गृह) / सामाजिक पुनर्स्थापना गरिएका बालबालिका | | | |
| ३ | अल्पकालीन आश्रय वा अस्थायी संरक्षण सेवा उपलब्ध गराइएका बालबालिका | | | |
| ४ | हाल अल्पकालीन आश्रय वा अस्थायी संरक्षण सेवा केन्द्रमा रहेका बालबालिका | | | |
| ५ | अल्पकालीन आश्रय वा अस्थायी संरक्षण सेवा केन्द्रबाट भागेका बालबालिका | | | |
| | जम्मा | | | |
| नोटः कुल घटना सम्बोधन गरिएका बालबालिकाको संख्या र जम्मा संरक्षण व्यवस्थापन गरिएका बालबालिकाको संख्या बराबर हुनुपर्नेछ । | | | | |

(ग) उद्धार, संरक्षण तथा व्यवस्थापन गरिएका बालबालिका तथा सेवा प्रवाहको विवरण

| क.स. | उद्धार गरिएको | | | | उद्धार गर्नुको कारण | प्रवाह गरिएको सेवाहरू |
|---|---|---|---|---|---|---|
| | बालबालिकाको नाम | लिङ्ग | उमेर | स्थान | | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |

नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं

२।१८।३।

सचिव

(घ) सेवा प्रवाह सहयोग सम्बन्धी विवरण

| क्र.स. | सहयोग किसिम | सहयोग गरिएका बालबालिकाको संख्या | | |
|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा |
| १ | स्वास्थ्य उपचार सहयोग | | | |
| २ | मनोविमर्श तथा मनो सामाजिक परामर्श सहयोग | | | |
| ३ | पारिवारिक परामर्श सहयोग | | | |
| ४ | कानूनी परामर्श सहयोग | | | |
| ५ | शैक्षिक सहयोग | | | |
| ६ | आय-आर्जन सहयोग | | | |
| ७ | अन्य सहयोग (खुलाउनुहोस्) | | | |
| जम्मा लाभान्वित बालबालिका | | | | |

(ङ) सेवा प्रवाह गरिएका बालबालिका तथा परिवारको विवरण

| क्र.स. | सेवा प्रवाह गरिएको | | | प्रवाह गरिएको सेवाहरू |
|---|---|---|---|---|
| | बालबालिकाको नाम | लिङ्ग | उमेर | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |

(च) बैठक सञ्चालन सम्बन्धी विवरण

| क्र.स. | बैठकको नाम | बैठक मिति | सहभागि विवरण | | | बैठकका निर्णयहरू |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरूष | जम्मा | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |



सचिव

(छ) बाल हेल्पलाइन नम्बर १०९८ नेपालको प्रचार प्रसार सम्बन्धी विवरण

| क.सं. | प्रचार प्रसार सम्बन्धी कार्यको विवरण | संख्या/पटक | समावेश भएका विषय वस्तु | प्रचार प्रसार वा वितरण गरिएको स्थान |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

सचिव